नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

पत्र संख्या : ०७७/७८

मिति : २०७८।०२।३०

## नवलपरासी (वर्दघाट सुस्ता पूर्व) का प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

विश्वव्यापी रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर यस जिल्लामा पनि अझैसम्म पनि उच्च जोखिम रहेको छ। उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न मितिमा भएका निर्णयहरु तथा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) र जिल्ला सुरक्षा समितिको मिति २०७८।०२।३० को निर्णय समेतमा आधारित रही सक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०२।३१ गते सोमबार राती १२:०० बजे देखि २०७८।०३।०७ गते सोमबार रातको १२:०० बजेसम्म नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाभर लागू हुने गरी तपशिल अनुसारको निषेधाज्ञा जारी गरिएको छ। जारी आदेशको अवज्ञा गर्ने/गराउनेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ एवं अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

## निषेधित कार्यहरु

### सार्वजनिक भेला, जमघट, समारोह सम्बन्धमा

क) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सास्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न/गराउन नपाइने ।

ख) सार्वजनिक खेलकुद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कुनै पनि कार्यक्रम सञ्चालन गर्न/गराउन नपाइने।

ग) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुने खालका कुनै पनि कार्यक्रम गर्न/गराउन नपाइने।

घ) कुनै पनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, जुलुश वा प्रदर्शन जस्ता कार्य गर्न/गराउन नपाइने।

ङ) खेलकुदस्थल, मनोरन्जन स्थल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामुहिक खेलकुद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने।

च) विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराइ सिकाइ गतिविधि संचालन गर्न नपाइने।

### सार्वजनिक तथा नीजि सवारी संचालन सम्बन्धमा

क) सार्वजनिक तथा नीजि यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने।

ख) खाद्यवस्तु, पानी तथा अत्यावश्यक सामाग्री बोकेको ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा (बढीमा २ जना) बोकेको एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन यस जिल्लामा प्रवेश गर्न रोक लगाउने।

२०७८।०२।३०
प्रमुख जिल्ला अधिकारी

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७७/७८

**अत्यावश्यक खाद्य सामग्री सम्बन्धमा**

क) तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, र खाद्यान्नका पसल हरेक विहान ६:०० बजे देखी ९:०० बजे सम्म (३ घण्टा मात्र) र साझ ५:०० बजे देखि ७:०० बजे सम्म (२ घण्टा) खोल्न पाइने तर तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ ढुवानी साधनबाट ल्याइएका खाद्य सामग्रीहरु अन्य समयमा पनि स्टोर गर्न सकिने ।

## गर्न पाइने कार्यहरु

क) जिल्ला भित्रका सरकारी कार्यालय तथा सार्वजनिक संस्थान तथा गैरसरकारी संस्थाले न्यूनतम जनशक्तिबाट आलोपालो गरी अतिआवश्यक सेवालाई तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी सञ्चालन गर्ने ।

ख) विवाह तथा व्रतवन्धको हकमा बढीमा १० जनासम्म स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै आफ्नै घरमा मात्र विवाह व्रतवन्ध गर्ने ।

ग) अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, बैंक, वित्तिय संस्था, दुरसंचार, इन्टरनेट, आइसोलेसन, कुरियर, डाँक, फोहरमैला व्यवस्थापन लगायतका ढुवानीका साधन जिल्ला भित्र संचालन गर्न पाउने ।

घ) विकास निर्माणसंग सम्बन्धित आयोजनाका सामग्री बोकेका ढुवानीका साधन, स्वास्थ्य संग सम्बन्धित अत्यावश्यक सामग्री बोकेका ढुवानी साधन, कृषिजन्य सामग्री लगायतका सवारी साधन जिल्ला भित्र संचालन गर्न पाउने ।

ङ) सरकारी कार्यालय, बैंक,वित्तिय संस्था तथा अत्यावश्यक सार्वजनिक सेवा प्रदायक संस्थाको कर्मचारीको हकमा कर्मचारी परिचयपत्र प्रयोग गरी कार्यालय प्रयोजनमा कार्यलय समय भित्र जिल्ला आवागमन गर्न पाइने ।

च) अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हवाइटिकट, पासपोर्ट र भिषा हुनेलाई सिधै एयरपोर्ट जाने सवारी साधनको लागि सहजीकरण गर्ने ।

छ) संचारकर्मी/पत्रकारको हकमा सूचना संकलन र सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।

ज) उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उद्योगसम्म र उद्योगबाट उत्पादन भएको मालबस्तु बजारसम्म सहज निकासी/आपूर्तीको व्यवस्था मिलाउने ।

२०७८/०२/३०

प्रमुख जिल्ला अधिकारी

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७७/७८

झ) विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामाग्री बोकेको ढुवानीका साधन जिल्ला भित्र आवतजावत गर्न दिने र विक्री वितरणको हकमा बिहान ६ बजे देखि ९ बजेसम्म (३ घण्टा मात्र) र साझ ५:०० बजे देखि ७:०० बजे सम्म (२ घण्टा) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी पुस्तक पसल खोल्ने व्यवस्था मिलाउने।

ञ) उद्योग कलकारखाना, विकास आयोजनामा काम गर्ने कर्मचारी/कामदार लगायत सबैको जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने सुनिश्चितता गरी कर्मचारी तथा कामदारका लागि उद्योग परिसर भित्रै आवासको व्यवस्था गर्ने र सो सम्भव नभएमा उद्योग तथा विकास आयोजनाले घरसम्म ल्याउने लैजाने व्यवस्था गरेर मात्र सञ्चालन गर्ने।

ट) जिल्ला स्थित बैक तथा वित्तिय संस्था तथा बैङ्किङ कारोबार गर्ने सहकारी संस्थाहरुको हकमा बिहान १०:०० बजे देखि २:०० बजे सम्म हरेक दिन (सार्वजनिक विदा वाहेक) सञ्चालन गर्ने।

ठ) औषधी पसल (भेटनरी समेत ) स्वस्थ्य सुरक्षा मापदण्ड प्रयोग गरी खोल्न सकिने छ। औषधी पसल व्यवसाय बाहेक अन्य पसल व्यवसाय बन्द गर्ने।

ड) सार्वजनिक सवारी साधन मर्मत सम्भार गर्ने वर्कसपले न्यूनतम मजदुर र कर्मचारीहरुबाट स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई सञ्चालन गर्न पाउने।

**अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कने, स्वास्थ्य सरसफाइ (हात धुने वा सेनिटाइजर प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने), अत्यावश्यक कामको लागि घर बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्क लगाउने र स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्ने/गराउने।**

२०७८/०१/३०

प्रमुख जिल्ला अधिकारी